# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।१०।२१ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला हुम्ला, ताँजाकोट गाउँपालिका अन्तर्गत स्वास्थ्य शाखाको औषधि खरिदमा अनियमितता गरेको भन्नेसमेत ब्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला हुम्ला ताँजाकोट गाउँपालिकाका तत्कालीन **निमित्त प्रमुख प्रशासकीय अधिकृत लाल प्रसाद ढकाल, स्वास्थ्य शाखा प्रमुख राजेन्द्र स्याङ्कु, सहलेखापाल विर्षसिंह सुनार र आर्यन फार्माका संचालक कृष्ण कुमार भुजुवा** समेतको आपसी मिलेमतो तथा योजनामा खरिद नगरेको औषधि तथा अन्य उपकरणहरू समेत खरिद गरेको देखाई कार्यालयमा दाखिला गरेको देखिएको, एउटै सामानको लागि फरक फरक मितिमा माग फारम, खरिद आदेश तयार गरी, फरक फरक फार्माबाट खरिद गरेको बिल बनाउनुको साथै औषधि तथा स्वास्थ्य उपकरण जस्ता संवेदनशील मालसामान खरिदनै नगरी गैरकानुनी लाभ लिई दिई दिलाई वदनियतपूर्ण तवरले खरिद गरेको भन्दा बढी औषधिको विवरण थप गरी विलको रकम अंक तथा अक्षरमा सच्याई थपघट गरी गराई बागेश्वरी सर्जिकलको मिति २०७६।११।२१ मा जम्मा रू.१२०० को सामान खरिद गरेकोमा रू.९२,०००।– (बयानब्बे हजार रूपैयाँ), एलाइड प्याथोक्याम एण्ड सर्जिकलको मिति २०७६।०९।२४ मा रू.१३५०।– को सामान खरिद गरिएकोमा रू.१,०१,३५०।– (एक लाख एक हजार तीन सय पचास रूपैयाँ) गरी जम्मा रू.१,९०,८०० (एक लाख नब्बे हजार आठ सय रुपैयाँ) बराबरको सामाग्रीको झुट्टा तथा नक्कली बिल बिजक तयार गरी गराई भुक्तानी लिए दिएको देखिएको, त्यसैगरी रू.१०५० मा सामान ढुवानी गरेको भनी न्यू सेती कर्णाली ढुवानी सेवा नेपलगञ्ज, बाँकेको झुट्टा तथा नक्कली बिल पेश गरी भुक्तानी लिए दिएको, आर्यन फार्माबाट Uticef (Cefexime को सट्टा) Dressing Drum, ENT Set, Adesive tape ४", Dental Set बिक्री गरेको देखिने झुट्टा तथा नक्कली बिल बनाई दिए लिएकोसमेत देखिएकोले यसरी, औषधि खरिदका लागि ताँजाकोट गाउँपालिकाबाट पेश्की लिई औषधि खरिद गर्ने तथा बिल सच्याउने थपघट गरी गराई **जम्मा रू.१,९१,८५०।-( एक लाख एकानब्बे हजार आठ सय पचास रुपैयाँ)** सार्वजनिक सम्पत्तिको गैरकानुनी हानि तथा प्रतिवादीहरूले लाभ लिने कार्यमा स्वास्थ्य शाखा प्रमुख राजेन्द्र स्याङ्कु, सो बिल बिजकका आधारमा पेश्की फछ्यौंट तथा भुक्तानी दिने कार्यमा ऐ. कार्यालयका निमित्त प्रमुख प्रशासकीय अधिकृत लाल प्रसाद ढकाल र सह-लेखापाल विर्षसिंह सुनार तथा सोही हिनामिना गरे गराएको रकम बराबरको सामानको नक्कली बिल बिजक तयार गरी दिने आर्यन फार्माका संचालक कृष्ण कुमार भुजुवाको संलग्नता रहेको तथ्य गोश्वारा भौचर, नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन, झुट्टा तथा नक्कली बिल बिजकलगायतको आधार प्रमाणहरूबाट देखिंदा निज प्रतिवादीहरूलाई देहायबमोजिम सजाय हुन मागदावी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | जिल्ला हुम्ला, ताजाँकोट गाउँपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत **लाल** | **जनही** रू.१,९१,८५०।– | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा बिगो रू. एक लाख एकानब्बे हजार आठ सय पचास रुपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा |

| | | | |
|---|---|---|---|
| | **प्रसाद ढकाल,** स्वास्थ्य शाखा प्रमुख **राजेन्द्र स्याङ्कु** र सह-लेखापाल **विर्षसिंह सुनार** | | (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना सजाय गरी बिगो असूल उपर हुन मागदाबी लिईएको छ। |
| २. | आर्यन फार्मा नेपालगंजका संचालक **कृष्ण कुमार भुजुवा** | रू.१,९०,८००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी प्रकृतिको लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा बिगो रू. एक लाख नब्बे हजार आठ सय रुपैयाँ कायम गरी मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना सजाय गरी बिगो असूल उपर हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याशबमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिईएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने